जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ३२ • २०८३ साल आषाढ ७ गते आइतबार (21 June, Sunday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## स्कुल बस दुर्घटना हुँदा एकको मृत्यु, ३० घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम। उदयपुरको उदयपुरगढी गाउँपालिका-७ जोगिटोलस्थित सडकमा शनिबार दीप एजुकेसन बोर्डिङ स्कुलको स्टाफ बोकेको बस दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन्।

उदयपुर प्रहरीका अनुसार महोत्तरीबाट सुनसरीतर्फ जाँदै गरेको बा २ ख ६४३८ नम्बरको बस अनियन्त्रित भई सडकबाट करिब १२ मिटर तल खसेर दुर्घटनामा परेको हो।

स्थानीयवासीले खबर गरेलगत्तै प्रहरी टोली घटनास्थल पुगेर घाइतेहरूको उद्धार गरी जिल्ला अस्पताल उदयपुर पठाएको थियो।

उपचारका क्रममा बर्दिबास नगरपालिकाका अन्दाजी ५५ वर्षीय विमलेश दत्तको मृत्यु भएको उदयपुर प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका ३८ वर्षीया रसिला कुमारी चौधरी र उनका १२ वर्षीय छोरा सन्देश कुमार चौधरीलाई थप उपचारका लागि विराटनगरस्थित न्यूरो अस्पताल रिफर गरिएको जनाइएको छ।

अन्य २८ जना घाइतेहरूको जिल्ला अस्पताल उदयपुरमा उपचार भइरहेको छ।

बस चालक महोत्तरीको गौशाला नगरपालिका-१० का २८ वर्षीय जीवन आले भने सकुशल छन्।उनलाई प्रहरीले नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको छ।

### आजदेखि रास्वपाको प्रथम महाधिवेशन

# घण्टी बजाएर उद्घाटन हुने, निर्वाचनबाट नेतृत्व चुनिने सम्भावना

**टुडे समाचारदाता**

चितवन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो प्रथम महाधिवेशन आइतबारदेखि शुरु भएको छ। पार्टीका महामन्त्री भूपदेव शाहले जनाए अनुसार महाधिवेशनको उद्घाटन प्रधानमन्त्री बालेन्द्र साह तथा पार्टी सभापति रवि लामिछानेले संयुक्त रुपमा घण्टी बजाएर गर्ने कार्यक्रम तय गरिएको छ।

चितवनमा शनिबार आयोजित पत्रकार सम्मेलनमा महामन्त्री शाहले पार्टीको जन्म तथा आन्दोलनको सुरुवात भएको स्थान भएकाले पहिलो महाधिवेशन चितवनमै आयोजना गरिएको बताए। उनले विभिन्न पक्षलाई विचार गरी महाधिवेशन स्थल गेस्टहाउस चौर तय गरिएको जानकारी दिए।

महाधिवेशनमा ३ हजारभन्दा बढी प्रतिनिधि सहभागी हुने अपेक्षा गरिएको छ। प्रतिनिधि छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको र केन्द्रीय समितिबाट अनुमोदन भएपछि अन्तिम सूची शनिबार रातिसम्म सार्वजनिक गरिने शाहले बताए।

नेतृत्व चयनमा सकेसम्म सर्वसम्मतिको प्रयास गरिने भए पनि सहमति हुन नसके लोकतान्त्रिक प्रतिस्पर्धाबाट नेतृत्व चयन गरिने उनले स्पष्ट पारे। आफु पुनः महामन्त्री पदमै उम्मेदवारी दिने सोचमा रहेको संकेत गर्दै निर्वाचन आचारसंहिताका कारण औपचारिक घोषणा भने नगरेको बताए।

यसैबीच पार्टीका प्रवक्ता मनिष झाले महाधिवेशनका लागि बाह्य रूपमा कुनै चन्दा नउठाइएको जिकिर गरेका छन्। उनले पार्टीले महाधिवेशन खर्च आन्तरिक स्रोतबाट व्यवस्थापन गरिरहेको जानकारी दिए।



उनका अनुसार सांसद, केन्द्रीय पदाधिकारी तथा प्रतिनिधिहरूलाई आफ्नै व्यवस्थापन गर्न पूर्वसूचना दिइएको थियो। सांसद तथा नेताहरूको आफ्नै आर्थिक स्रोत भएकाले सामान्य खर्चका लागि अरूमाथि निर्भर हुनुपर्ने अवस्था नरहेको उनको भनाइ छ।

झाले रास्वपाले महाधिवेशनका लागि चन्दाको रसिद वितरण नगरेको उल्लेख गर्दै प्रतिनिधि शुल्क र लेभीमार्फत आवश्यक रकम जुटाइएको बताए। पार्टीका सांसदबाट मासिक १६ हजार ५०० रुपैयाँ लेभी संकलन हुँदै आएको छ, जसबाट मासिक करिब ३२ लाख रुपैयाँ प्राप्त हुने उनले जानकारी दिए।

महाधिवेशनमा सहभागी हुने करिब ३ हजार प्रतिनिधिबाट प्रतिव्यक्ति ५ हजार रुपैयाँ प्रवेश शुल्क संकलन गरिनेछ, जसबाट मात्रै करिब १ करोड ५० लाख रुपैयाँ उठ्ने अनुमान गरिएको छ। साथै विभागीय सदस्य र केन्द्रीय सदस्यबाट पनि वार्षिक लेभी संकलन हुने व्यवस्था रहेको उनले बताए। रास्वपाले महाधिवेशनमा करिब ४ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। तर स्रोतका अनुसार यस महाधिवेशनमा उद्योग मन्त्रालयबाट नै चितवन उद्योग वाणिज्य संघलाई पत्र काटेर सभाहल उपलब्ध गराइएको छ भने चन्दा माग गरेको पत्रहरुसमेत सार्वजनिक भइरहेको अवस्थामा रास्वपाले मुख खोलेको बताइन्छ।

महाधिवेशनको अर्को विशेषता विद्युतीय मतदान प्रणाली रहने भएको छ। रास्वपा निर्वाचन आयोगका प्रमुख भुवन केसीका अनुसार प्रतिनिधिहरूले विद्युतीय उपकरणमार्फत मतदान गर्न सक्नेछन्।

निर्वाचन प्रक्रिया दुई चरणमा सम्पन्न हुनेछ। पहिलो चरणमा सभापति र ९९ जना केन्द्रीय सदस्यका लागि मतदान हुनेछ भने निर्वाचित सदस्यहरूबाट दोस्रो चरणमा उपसभापति, महामन्त्री र सहमहामन्त्रीको निर्वाचन गरिनेछ।

केसीका अनुसार मनोनयन प्रक्रिया असार ८ गते दिउँसो २ बजेदेखि शुरु हुनेछ र सोही दिन पहिलो चरणको मतदान सम्पन्न गर्ने तयारी छ। दोस्रो चरणको निर्वाचन असार ९ गते हुनेछ।

विदेशमा रहेका प्रतिनिधिका लागि पनि मतदानको व्यवस्था गरिएको छ। रास्वपाको आफ्नै मोबाइल एपमार्फत विदेशबाटै मतदान गर्न सकिने व्यवस्था मिलाइएको छ। विदेशस्थित १७० प्रतिनिधिमध्ये उपस्थित हुन नसक्नेहरूले यही माध्यम प्रयोग गर्नेछन्।

महाधिवेशनको पूर्वसन्ध्यामा केन्द्रीय समितिको बैठक समेत बस्ने तय भएको छ। पार्टीले यस महाधिवेशनलाई संगठन सुदृढीकरण, नेतृत्व चयन तथा भावी राजनीतिक दिशानिर्देश तय गर्ने महत्वपूर्ण अवसरका रूपमा लिएको जनाएको छ।

## परिवर्तनको संघारमा रास्वपा

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले लोकतन्त्रप्रतिको प्रतिबद्धताबाट कहिल्यै विमुख नहुने दाबी गरेका छन्। चितवनमा शनिबार जारी केन्द्रीय समिति बैठकमा बोल्दै आन्तरिक लोकतन्त्र पार्टीको सबैभन्दा महत्वपूर्ण कुरा भएको जानकारी दिए।

सभापति लामिछानेले भने, 'आन्तरिक लोकतन्त्रलाई मजबुत बनाउन सकिएन भने, पार्टीका साथीहरूको अधिकारलाई कुण्ठित गरियो भने कुनै न कुनै बिन्दुमा पुगेर त्यसले दुर्घटना निम्त्याउँछ। एउटा घरमा हुने दुर्घटना र एउटा समाजमा हुने दुर्घटनाभन्दा राजनीतिक पार्टीमा हुने दुर्घटनाको निकै ठुलो मूल्य देशले चुकाउनुपर्ने हुन्छ। त्यसैले हामीले होसियारीका साथ कदमहरू चाल्नुपर्ने हुन्छ।' सभापति लामिछानेले अहिले आफूहरू परिवर्तनको संघारमा उभिएको बताए।

'भोलि निर्वाचित भएर तपाईं हामी यसैगरी अर्को बैठकमा सबै जना आउला या नआउँला। मेरो त शुभकामना छ। त्यस कारण स्वस्थ प्रतिस्पर्धाका लागि म सबै साथीहरूलाई अपिल गर्न चाहन्छु। स्वस्थ र स्वच्छ प्रतिस्पर्धाबाट हामी एउटा नयाँ उचाइमा पुग्नेछौं', उनले भने।

# भारतको 'केरा'मा बन्देजपछि नेपालको 'चिया' मा प्रतिबन्ध

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल र भारतबीच पछिल्लो समय देखिएको गैरभन्सार अवरोधको प्रभाव पूर्वी नेपालको मुख्य नगदेबाली तथा निर्यातमुखी क्षेत्र चिया उद्योगमा परेको छ। उद्योगीहरूका अनुसार भारतीय पक्षले लागू गरेको नयाँ गुणस्तर परीक्षण प्रक्रियाका कारण चिया निर्यात प्रभावित हुँदा उद्योग, किसान र श्रमिकहरू समस्यामा परेका छन्।

शुरुमा नेपालले केरा, आँपलगायतका फलफूलमा प्राविधिक समस्या देखाउँदै अघोषित रुपमा बन्देज लगाएको केही महिनापछि भारतले पनि पूर्वी नेपालबाट चियापति लिएर भारततपर्फ निर्यात हुने अवस्थामा रहेको गाडीलाई चेकजाँचको नाममा साताभन्दा बढी समयदेखि गाडी रोकेपछि त्यसको प्रत्यक्ष असर व्यवसायमै संकट उत्पन्न भएको छ।

तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले भारतबाट भित्रिने गुलियो केरामा अत्यधिक विषादी भएको भन्दै आयातमा कडाइ गरेपछि शुरु भएको उक्त विवाद अहिले नेपाली चियाका लागि प्रत्युत्पादक बनेको छ।

भारतले आफ्नो केरा रोकिएको प्रतिशोध चियामा साँध्न खोज्दा अहिले ७० अर्ब रुपैयाँभन्दा बढीको लगानी र एक लाखभन्दा बढी नागरिकको रोजगारी गम्भीर संकटमा परेको छ।

नेपालको चिया उद्योग अहिले इतिहासकै कठिन मोडमा छ। भारतले केराको आयात अवरोधलाई प्रतिष्ठाको विषय बनाएर नेपाली चियाको घाँटी निमोठ्ने काम गरेको स्पष्ट देखिन्छ।

विवादको जड केही समय अगाडिको एउटा निर्णयमा गएर अड्किन्छ। पूर्वप्रधानमन्त्रीसमेत रहेकी कार्की सरकारले भारतबाट आयात हुने केरामा मानव स्वास्थ्यका लागि हानिकारक विषादी रहेको भन्दै नेपालले गैरभन्सार अवरोध सिर्जना गरेको थियो।

सोही समय अर्थात् गत कार्तिक महिनादेखि नै भारतले यसको 'काउन्टर' का रूपमा नेपालबाट निर्यात हुने 'टर्रो' चियालाई निशाना बनाउन शुरु गरेको थियो। नेपालले केराको आयातमा लगाएको अवरोध अझै कायम रहेका बेला भारतीय पक्षले त्यसको बदला लिन वैशाख १८ गतेदेखि चियाको गुणस्तर परीक्षणको नयाँ नाटक मञ्चन गर्‍यो।

गुणस्तर परीक्षणका नाममा सिर्जना गरिएको यो नयाँ गैरभन्सार अवरोधले गर्दा दुई सरकारबीचको 'जुँगाको लडाइँ' मा निर्दोष



नेपाली किसान, उद्योगी र व्यवसायीहरू प्रत्यक्ष मारमा परेका छन्।

नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्य पराजुलीका अनुसार नेपालको चिया क्षेत्रमा जमिनको मूल्यबाहेक ७० अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ। चिया खेती, प्रशोधन, प्याकेजिङ, भण्डारण तथा निर्यातसँग सम्बन्धित पूर्वाधारमा गरिएको यो लगानी अहिले जोखिममा परेको उद्योगीहरूको भनाइ छ।

चिया उद्योगले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा एक लाखभन्दा बढी व्यक्तिलाई रोजगारी प्रदान गर्दै आएको छ। बगानका श्रमिकदेखि प्रशोधन उद्योगका प्राविधिक र ढुवानी क्षेत्रमा संलग्न श्रमिकसम्मको जीविकोपार्जन यसै क्षेत्रमा निर्भर रहेको बताइन्छ।

उद्योगीहरूका अनुसार भारतले वैशाख १८ गतेदेखि नेपाली चियाको गुणस्तर परीक्षणसम्बन्धी नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर' (एसओपी) लागू गरेपछि निर्यात प्रक्रिया प्रभावित भएको छ। प्रारम्भिक चरणमा प्रत्येक ढुवानीको प्रयोगशाला परीक्षण अनिवार्य गरिएपछि निर्यात करिब तीन सातासम्म प्रभावित भएको थियो।

नेपाली पक्षको विरोधपछि भारतीय निकायले 'र्‍यान्डम स्याम्पलिङ' प्रणाली अपनाउने जनाएको थियो। तर उद्योगीहरूका अनुसार परीक्षण प्रक्रिया अझै सहज नभएको र रिपोर्ट आउन ढिलाइ हुँदा गोदाममा ठूलो परिमाणमा चिया थन्किएको छ।

इलामको सूर्योदय टी प्रोडक्ट एसोसिएसनका महासचिव गोपाल कट्टेलका अनुसार इलाम र झापाका करिब १०० उद्योगले दैनिक औसत पाँच लाख किलो हरियो चिया पत्ती प्रशोधन गर्दै आएका थिए। निर्यात प्रभावित भएपछि किसानले उत्पादन गरेको हरियो पत्ती बिक्री गर्न कठिनाइ भएको छ।

उद्योगीहरूको तथ्यांक अनुसार इलामका ६५ वटा अर्थोडक्स चिया उद्योग र झापाका ३० वटा सीटीसी उद्योगसहित ९५ भन्दा बढी उद्योगको उत्पादन प्रभावित भएको छ। कारखानामा करिब १२ लाख किलो तयारी चिया मौज्दात रहेको बताइएको छ।

नेपालमा चिया खेतीको इतिहास करिब १५० वर्ष पुरानो मानिन्छ। इलाम र झापाबाट सुरु भएको चिया खेती अहिले इलाम, झापा, पाँचथर, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुरसम्म विस्तार भएको छ।


चिया तथा कफी विकास बोर्डका अनुसार नेपालमा ३० हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा चिया खेती भइरहेको छ। झापामा मुख्यतः सीटीसी चिया उत्पादन हुने गरेको छ भने पहाडी जिल्लाहरूमा उत्पादन हुने अर्थोडक्स चियाले अन्तर्राष्ट्रिय बजारमा विशेष पहिचान बनाएको छ।

पूर्वी नेपालको कृषि अर्थतन्त्रमा चिया क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। करिब ३० हजार किसान परिवारको आयआर्जन यसै क्षेत्रमा निर्भर रहेको बताइन्छ। उद्योगीहरूका अनुसार नेपाली चियाको ठूलो हिस्सा भारतीय बजारमा निर्यात हुने भएकाले हालको अवरोधले उद्योगको भविष्यप्रति चिन्ता बढाएको छ।

उद्योगी तथा किसान संगठनहरूले समस्या समाधानका लागि नेपाल र भारतबीच कूटनीतिक तथा प्राविधिक तहमा छलफल गरी निकास खोज्नुपर्ने आवश्यकता औंल्याएका छन्।

चियापति उत्पादनको ठूलो हिस्सा भारतीय बजारमा निर्भर रहेको हुँदा यस कमजोरीको फाइदा उठाउँदै भारतले गैरभन्सार अवरोध खडा गरेको किसानहरु बताउँछन्।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# छापामारी प्रकरणः सत्य सार्वजनिक हुनुपर्छ

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री इन्द्रमणि पराजुलीको सरकारी आवासमा प्रहरीले छापा मारेको भन्ने विषयले प्रदेशको राजनीति र सुरक्षा प्रशासन दुबै क्षेत्रमा बहस उत्पन्न गरेको छ । प्रतिनिधि सभामा सांसद राजेन्द्रकुमार राईले उठाएको प्रश्न र त्यसपछि जिल्ला प्रहरी कार्यालय मोरङले जारी गरेको खण्डनात्मक विज्ञप्तिले घटनालाई अझ चासोको विषय बनाएको छ । सांसद राईले बहालवाला प्रदेश गृहमन्त्रीको सरकारी आवासमा रातको समयमा प्रहरी पुगेको र छापामारी भएको आरोप लगाएका छन् । मन्त्री स्वयं जिल्लाबाहिर रहेका बेला यस्तो घटना भएको दाबीले सुरक्षा संयन्त्र र सरकारी निकायबीचको समन्वयमाथि प्रश्न उठाएको छ । यदि वास्तवमै मन्त्रीको आवासमा खानतलासी गरिएको हो भने त्यसको कानुनी आधार, प्रक्रिया र उद्देश्यबारे स्पष्ट जानकारी सार्वजनिक हुनुपर्छ । अर्कोतर्फ, यदि प्रहरीको भनाइअनुसार मन्त्री निवासमा कुनै छापा वा खानतलासी भएको छैन भने त्यसबारे फैलिएको सूचना कसरी उत्पन्न भयो भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण छ । प्रहरीले फरार प्रतिवादीको खोजीका क्रममा पुष्पलाल चोक आसपासको क्षेत्रमा नियमित खोजतलास गरिएको र सोही क्षेत्रमा मन्त्रीको निवास समेत रहेका कारण भ्रम सिर्जना भएको जनाएको छ । सुरक्षा निकायको यस्तो स्पष्टीकरणलाई हल्का रूपमा लिन मिल्दैन । अपराध अनुसन्धान र फरार अभियुक्तको खोजी प्रहरीको नियमित तथा कानुनी जिम्मेवारी हो । तर यस्ता संवेदनशील क्षेत्रमा परिचालन हुँदा अनावश्यक विवाद र भ्रम नहोस् भन्ने दायित्व पनि प्रहरीकै हो । यो प्रकरणले सरकारी निकायबीच सूचना व्यवस्थापन र सार्वजनिक सञ्चारको कमजोरी उजागर गरेको छ । मन्त्रीको सरकारी आवासजस्तो संवेदनशील स्थानसंग जोडिएको विषयमा अस्पष्टता रहनु स्वयंमा राम्रो संकेत होइन । लोकतान्त्रिक व्यवस्थामा जनप्रतिनिधिले प्रश्न उठाउनु स्वाभाविक हो । तर त्यस्ता प्रश्नको उत्तर तथ्य र प्रमाणका आधारमा सम्बन्धित निकायले दिनुपर्छ । यस घटनामा प्रदेश सरकारको मौनता पनि अर्थपूर्ण देखिन्छ । मन्त्री पराजुली वा प्रदेश सरकारले अहिलेसम्म औपचारिक धारणा सार्वजनिक नगर्नुले विभिन्न अड्कलबाजीलाई बल दिएको छ । विवादलाई राजनीतिक आरोप-प्रत्यारोपको विषय बनाउनु भन्दा यथार्थ सार्वजनिक गर्नु सबै पक्षको हितमा हुनेछ । राज्यका सुरक्षा निकायप्रति जनविश्वास कायम राख्न पारदर्शिता अपरिहार्य छ । त्यसैले यस घटनाको वास्तविकता स्पष्ट पार्न आवश्यक भए थप तथ्य सार्वजनिक गरिनुपर्छ । छापामारी भएको हो भने किन र कसरी भयो भन्ने जवाफ आउनुपर्छ, नभएको हो भने भ्रम सिर्जना हुने परिस्थिति किन बन्यो भन्ने पनि स्पष्ट हुनुपर्छ। लोकतान्त्रिक शासनमा सत्यको खोजी नै सबैभन्दा ठूलो उत्तरदायित्व हो ।

# समयको पदचाप र नेपाली कांग्रेस : इतिहासको गौरवदेखि भविष्यको नेतृत्वसम्म



सुजीत कुमार झा

नेपालको राजनीति लामो समयदेखि संक्रमणकै चक्रमा घुमिरहेको छ । व्यवस्था परिवर्तनका आन्दोलन सफल भए, संविधान बन्यो, संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भयो, तर नागरिकले अनुभूति गर्ने गरी अवस्था परिवर्तन हुन सकेको छैन । लोकतन्त्रको मूल उद्देश्य मात्र शासन व्यवस्था बदल्नु होइन, नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु पनि हो । जब राजनीतिक परिवर्तनले अपेक्षित परिणाम दिन सक्दैन, तब नागरिकमा निराशा बढ्छ र लोकतान्त्रिक संस्थाप्रति विश्वास कमजोर हुन थाल्छ । यतिबेला नेपाल यही मनोवैज्ञानिक र राजनीतिक अवस्थाबाट गुज्रिरहेको छ ।

यस परिस्थितिबाट देशको सबैभन्दा पुरानो लोकतान्त्रिक शक्ति नेपाली कांग्रेस पनि अछुतो छैन । २००७ सालदेखि प्रत्येक लोकतान्त्रिक आन्दोलनमा निर्णायक भूमिका खेलेको कांग्रेस आज आफ्नै वैचारिक अस्पष्टता, सांगठनिक जडता र नेतृत्व संकटसँग संघर्ष गरिरहेको देखिन्छ । कुनै समय लोकतन्त्रको पर्याय मानिएको पार्टी अहिले आफ्नै गौरवशाली इतिहासको भारी बोकेर अगाडि बढ्न खोजिरहेको थाकेको यात्रीजस्तो प्रतीत हुन्छ ।

कांग्रेसभित्र आज विचारभन्दा व्यक्ति, सिद्धान्तभन्दा गुट र भविष्यभन्दा विगत बढी प्रभावशाली देखिन्छ । पार्टीभित्र हुने बहस राष्ट्रिय विकास, आर्थिक रूपान्तरण वा सुशासनका विषयमा भन्दा पनि शक्ति सन्तुलन, भागबन्डा र आगामी महाधिवेशनको अंकगणितमा केन्द्रित हुने गरेको छ । यस्तो अवस्थाले पार्टीभित्र नयाँ सोच र सिर्जनशीलताको विकासलाई सीमित बनाएको छ । अझ दुःखद पक्ष के छ भने परिवर्तनको आशा गरिएका दोस्रो र तेस्रो तहका नेताहरूले पनि गुटीय सीमाभन्दा माथि उठेर साझा राष्ट्रिय दृष्टिकोण निर्माण गर्न सकेका छैनन् ।

जब देशको सबैभन्दा ठूलो लोकतान्त्रिक दलभित्र वैचारिक स्पष्टता र संगठनात्मक गतिशीलता कमजोर हुन्छ, त्यसको असर सम्पूर्ण राष्ट्रिय राजनीतिमा पर्छ । यही कारण नेपालमा सरकार परिवर्तन भइरहन्छ, तर शासन शैली परिवर्तन हुँदैन । अनुहार फेरिन्छन्, तर कार्यसंस्कृति उही रहन्छ । यही राजनीतिक जडताले विकासका योजना ढिलो बनाउँछ, प्रशासनलाई कमजोर बनाउँछ र नागरिकको विश्वास घटाउँदै लैजान्छ ।

यसबीच विश्व भने अभूतपूर्व गतिमा परिवर्तन भइरहेको छ । कृत्रिम बुद्धिमत्ता, डिजिटल अर्थतन्त्र, बिग डेटा, स्वचालित सेवा प्रणाली र प्रविधिमैत्री नेतृत्व आधुनिक राष्ट्र निर्माणका प्रमुख आधार बनेका छन् । नीति निर्माणदेखि सार्वजनिक सेवा प्रवाहसम्म तथ्य र प्रविधिको प्रयोगले शासनलाई छिटो, पारदर्शी र उत्तरदायी बनाइरहेको छ । विश्वका धेरै लोकतान्त्रिक मुलुकहरूमा राजनीतिक दलहरूले समेत आफ्नो संगठन सञ्चालन, सदस्यता व्यवस्थापन, नीति निर्माण र नागरिकसँगको संवादलाई डिजिटल प्रणालीसँग जोडिसकेका छन् ।

नेपालमा भने अवस्था फरक छ । अधिकांश राजनीतिक दलहरू अझै पनि व्यक्तिकेन्द्रित संरचनामा आधारित छन् । संस्थागत प्रक्रियाभन्दा व्यक्तिगत पहुँचलाई महत्व दिइन्छ । नियम र प्रणालीभन्दा नेताको प्रभावलाई प्राथमिकता दिने संस्कार अझै बलियो छ । मन्त्रालयका फाइलहरू हप्तौंसम्म रोकिएर बस्न सक्छन्, तर प्रभावशाली व्यक्तिको एउटा फोनले केही मिनेटमै निर्णय गराउन सक्छ । यही संस्कृतिले सुशासनलाई कमजोर बनाएको छ ।

आजको युवा पुस्ता भने यस्तो राजनीतिबाट सन्तुष्ट छैन । यो पुस्ता सूचना प्रविधिको युगमा हुर्किएको हो । उनीहरू कुनै पनि दाबीलाई सहजै स्वीकार गर्दैनन्, बरु तथ्य खोज्छन् । उनीहरू सामाजिक सञ्जालमा लोकप्रिय भाषण मात्र होइन, सरकारी बजेट, सार्वजनिक खर्च, विकासका सूचक र अन्तर ष्ट्रिय सूचकांकसमेत अध्ययन गर्छन् । उनीहरूका लागि राजनीतिक नेतृत्वको मूल्यांकन इतिहासका योगदानले होइन, वर्तमानको कार्यसम्पादनले हुन्छ । नेतृत्वसँग आधुनिक व्यवस्थापन क्षमता, प्रविधिमैत्री दृष्टिकोण, विश्व अर्थतन्त्रको ज्ञान, भू-राजनीतिक संवेदनशीलता र तथ्यमा आधारित निर्णय गर्ने क्षमता हुनुपर्छ । राजनीतिक नेतृत्व अब मात्र जनसभा गर्ने कला होइन, जटिल प्रशासनिक प्रणाली सञ्चालन गर्ने दक्षता पनि हो ।

नेपालको युवा पुस्ता भौगोलिक रूपमा नेपालमै भए पनि मानसिक रूपमा विश्वसँग जोडिएको छ । उनीहरूले सिंगापुरको चुस्त प्रशासन, एस्टोनियाको पूर्ण डिजिटल शासन, दक्षिण कोरियाको प्रविधिमैत्री विकास र युरोपेली लोकतन्त्रहरूको पारदर्शी प्रणालीलाई नजिकबाट नियालेका छन् । त्यसैले उनीहरू स्वाभाविक रूपमा प्रश्न गर्छन्–यदि ती देशहरूले यस्तो व्यवस्था निर्माण गर्न सक्छन् भने नेपाल किन सक्दैन ?

यही प्रश्नको जवाफ खोज्न नसक्दा युवा पुस्ता परम्परागत राजनीतिक दलहरूबाट क्रमशः टाढिँदै गएको छ । उनीहरू अब मात्रै राष्ट्रवादका भाषण वा भावनात्मक नाराले प्रभावित हुँदैनन् । उनीहरूलाई रोजगारी, गुणस्तरीय शिक्षा, प्रविधिमैत्री प्रशासन, पारदर्शी शासन र परिणाममुखी नेतृत्व चाहिएको छ ।

विडम्बना के छ भने परिवर्तनको सबैभन्दा धेरै कुरा गर्ने नेतृत्व नै व्यवहारमा परिवर्तनसँग असहज देखिन्छ । डिजिटल प्रणालीले पारदर्शिता ल्याउँछ, पारदर्शिताले व्यक्तिगत प्रभाव र अपारदर्शी शक्ति संरचनालाई चुनौती दिन्छ । त्यसैले परिवर्तनका भाषण धेरै सुनिन्छन्, तर संरचनागत सुधारका लागि आवश्यक राजनीतिक इच्छाशक्ति कम देखिन्छ । यही कारण सुधारको प्रक्रिया बारम्बार घोषणामै सीमित हुने गरेको छ ।

यदि नेपाली कांग्रेसले इतिहासको पानामा मात्र सीमित नभई भविष्यको नेतृत्व गर्ने सशक्त लोकतान्त्रिक शक्तिका रूपमा आफूलाई पुनर्स्थापित गर्न चाहन्छ भने उसले केही कठोर निर्णय लिनैपर्छ । पहिलो, नेतृत्वको पुस्तान्तरणलाई स्वाभाविक र आवश्यक प्रक्रियाका रूपमा स्वीकार गर्नुपर्छ । पाको नेतृत्वले अभिभावकको भूमिका निर्वाह गर्दै कार्यकारी जिम्मेवारी नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्छ ।

दोस्रो, डिजिटल राजनीतिलाई प्रचारको माध्यम मात्र नभई पार्टी सञ्चालन र राज्य व्यवस्थापनको आधार बनाउनुपर्छ । सदस्यता प्रणालीदेखि नीति निर्माण, सार्वजनिक संवाददेखि सेवा प्रवाहसम्म प्रविधिको प्रयोगले पारदर्शिता र दक्षता दुवै बढाउन सक्छ ।

तेस्रो, इतिहासको गौरवलाई सम्मान गर्दै भविष्यको नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्छ । लोकतन्त्रको रक्षा मात्रै आन्दोलनबाट होइन, सुशासन, आर्थिक समृद्धि र नागरिकको विश्वासबाट हुन्छ । त्यसका लागि पार्टीले वैचारिक बहस, नीति अनुसन्धान र युवा प्रतिभालाई नेतृत्वमा स्थान दिने संस्कार विकास गर्नुपर्छ ।

समयको एउटा अटल नियम छ—यसले कसैको प्रतीक्षा गर्दैन । प्रविधिको गति त समयभन्दा पनि तीव्र छ । जसले आफूलाई परिवर्तनसँग अनुकूल बनाउन सक्दैन, ऊ क्रमशः अप्रासंगिक बन्दै जान्छ । नेपाली




AI Generate Photo

तर कांग्रेसका केही पुराना नेताहरू अझै पनि लोकतन्त्रका लागि गरेको संघर्षलाई वर्तमानको कार्यक्षमताको प्रमाणका रूपमा प्रस्तुत गरिरहेका छन् । लोकतान्त्रिक आन्दोलनमा उनीहरूको योगदान निश्चय नै ऐतिहासिक र सम्मानयोग्य छ । तर इतिहासले भविष्यको ग्यारेन्टी गर्दैन । इतिहास सम्मानको विषय हो, शासन सञ्चालनको विकल्प होइन । नयाँ युगका चुनौतीहरूको समाधान नयाँ सोच, नयाँ प्रविधि र नयाँ नेतृत्वबाट मात्र सम्भव हुन्छ ।

नेपाली कांग्रेसको अर्को महत्वपूर्ण चुनौती नेतृत्व हस्तान्तरणसँग जोडिएको छ । सार्वजनिक कार्यक्रममा युवालाई भविष्यका नेता भनेर प्रशंसा गरिन्छ, तर वास्तविक निर्णय प्रक्रियामा उनीहरूको उपस्थिति न्यून देखिन्छ । पार्टीका महत्वपूर्ण निर्णय अझै पनि सीमित शीर्ष नेताहरूको बन्द कोठाभित्र तय हुने गरेका छन् । युवालाई नीति निर्माणमा भन्दा चुनावी अभियान, सभा व्यवस्थापन र नेतृत्वको बचाउ गर्ने भूमिकामा बढी प्रयोग गरिन्छ । यसले युवा पुस्तामा निराशा बढाएको छ ।

राजनीतिमा अनुभवको महत्व अस्वीकार गर्न सकिँदैन । अनुभवी नेतृत्वसँग इतिहासको ज्ञान, संकट व्यवस्थापनको क्षमता र संस्थागत स्मृति हुन्छ । तर अनुभव समयअनुकूल परिवर्तन हुन सकेन भने त्यो शक्ति होइन, कमजोरी बन्न पुग्छ । परिवर्तनसँग डराउने अनुभव अन्ततः जडता बन्छ र जडताले संगठनलाई गतिहीन बनाउँछ ।

आजको राजनीति मात्र आन्दोलनका कथा, जेल जीवनका संस्मरण वा पुराना नाराले चल्दैन । आजको कांग्रेस आज यही ऐतिहासिक मोडमा उभिएको छ, जहाँ उसले विगतको गौरवमा रमाउने कि त्यसै गौरवलाई ऊर्जा बनाएर भविष्यको नेतृत्व गर्ने भन्ने निर्णय गर्नुपर्नेछ ।

यदि कांग्रेसले समयको पदचाप सुन्न सक्यो, नयाँ पुस्ताको आकांक्षा बुझ्न सक्यो र प्रविधिमैत्री, पारदर्शी तथा परिणाममुखी राजनीतिक संस्कारलाई आत्मसात गर्न सक्यो भने उसले फेरि लोकतान्त्रिक नेतृत्वको केन्द्रमा आफूलाई स्थापित गर्न सक्छ । अन्यथा इतिहासमा परिवर्तनको वाहक बनेको यो पार्टी भविष्यमा इतिहासकै एउटा गौरवपूर्ण अध्यायका रूपमा मात्र सीमित हुने जोखिमबाट बच्न सक्नेछैन । यही यथार्थलाई समयमै बुझ्नु नै आज नेपाली कांग्रेसका लागि सबैभन्दा ठूलो राजनीतिक चुनौती र अवसर दुवै हो ।

समयको एउटा नियम छ– यसले कसैको प्रतीक्षा गर्दैन । प्रविधि त समयभन्दा पनि अझ बढी निर्दयी र गतिशील हुन्छ; जसले आफूलाई समयको गति र प्रविधिसँग अनुकूल (ब्मबउत) बनाउन सक्दैन, उसलाई प्रविधिको बाढीले पछाडि छोडिदिन्छ र इतिहासको गर्भमा विलीन गराइदिन्छ । नेपालको राजनीति र विशेषगरी नेपाली कांग्रेस यतिबेला यही कठोर सत्यको सामना गरिरहेको छ । बदलिँदो युगको यो पदचाप र कठोर यथार्थलाई नेपाली कांग्रेसका शीर्ष नेतृत्वदेखि स्थानीय तहसम्मका सबै नेता र कार्यकर्ताले समयमै बुझ्न र व्यवहारमा उतार्न सकून्, नत्र इतिहासको संग्रहालयमा थन्किनुको विकल्प रहनेछैन ।

# प्रदेशमा प्रहरी अधिकार, उत्तरदायित्व र राष्ट्रिय सुरक्षाको प्रश्न



प्रेमचन्द्र झा

नेपालको संघीय संरचना कार्यान्वयनमा आएपछि अधिकार बाँडफाँडको बहस निरन्तर चलिरहेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको स्पष्ट विभाजन गर्ने प्रयास गरे पनि कतिपय विषयमा अझै राजनीतिक र प्रशासनिक मतभेद कायम छन्। त्यसमध्ये सबैभन्दा संवेदनशील विषय हो–प्रहरी प्रशासन र त्यसको नियन्त्रण। प्रदेशलाई प्रहरीको पूर्ण अधिकार दिनुपर्छ भन्ने एकथरीको धारणा छ भने अर्को पक्षले राष्ट्रिय सुरक्षा, संस्थागत स्थायित्व र राजनीतिक यथार्थका आधारमा त्यसप्रति गम्भीर प्रश्न उठाइरहेको छ।

संघीयता लोकतान्त्रिक शासन प्रणालीको एउटा आधुनिक अभ्यास हो। तर संघीयता आफैंमा अन्तिम लक्ष्य होइन; यसको उद्देश्य जनतालाई नजिकबाट सेवा उपलब्ध गराउने, निर्णय प्रक्रियामा सहभागिता बढाउने र विकासलाई प्रभावकारी बनाउने हो। त्यसैले संघीयताको सफलताको मूल्यांकन अधिकार हस्तान्तरणको मात्र आधारमा हुँदैन, ती अधिकार प्रयोग गर्ने संस्थागत क्षमता, राजनीतिक संस्कार र जवाफदेहिताको आधारमा पनि हुन्छ।

नेपालमा प्रदेश सरकारहरूको अनुभव अझै प्रारम्भिक चरणमै छ। संघीयता कार्यान्वयन भएको करिब एक दशक पुग्न लाग्दा प्रदेश सरकारहरूले अपेक्षित उपलब्धि हासिल गरे कि गरेनन् भन्ने विषयमा सार्वजनिक बहस भइरहेको छ। कतिपय प्रदेशले प्रशासनिक संरचना निर्माण, सेवा प्रवाह र विकास योजनामा केही प्रगति गरेका छन् भने कतिपय प्रदेशमा राजनीतिक अस्थिरता, बजेट कार्यान्वयनको कमजोरी, प्रशासनिक हस्तक्षेप र सुशासनसम्बन्धी प्रश्नहरू बारम्बार उठेका छन्।

विशेषगरी मधेश प्रदेशबारे सार्वजनिक रूपमा विभिन्न आलोचना र आरोपहरू सुनिँदै आएका छन्। विकास आयोजनाको छनोटमा राजनीतिक प्रभाव परेको, प्रशासनिक नियुक्तिमा हस्तक्षेप भएको, बजेट खर्चमा पारदर्शिता कमजोर रहेको तथा सरकारी संरचनाहरू राजनीतिक स्वार्थको प्रभावमा परेको जस्ता आरोपहरू समय-समयमा सार्वजनिक बहसको विषय बनेका छन्। यी सबै आरोपहरू कानुनी रूपमा प्रमाणित भइसकेका निष्कर्ष होइनन्। तर यस्ता प्रश्नहरू बारम्बार उठिरहनु आफैंमा सुशासनको अवस्थाबारे चिन्ता व्यक्त गर्ने आधार अवश्य हो।

यही पृष्ठभूमिमा प्रदेश प्रहरीको बहसलाई हेर्नुपर्छ। प्रहरी सामान्य प्रशासनिक कार्यालय होइन। प्रहरी राज्यको कानुनी अधिकारको प्रत्यक्ष प्रतिनिधि संस्था हो। नागरिकको सुरक्षा, सार्वजनिक शान्ति, अपराध अनुसन्धान, कानुन कार्यान्वयन र संवैधानिक व्यवस्थाको संरक्षणसँग जोडिएको संगठन हो। यस्तो संस्थाको प्रभावकारिता केवल कानुनमा आधारित हुँदैन; यसको व्यावसायिकता, तटस्थता र राजनीतिक प्रभावबाट स्वतन्त्र रहने क्षमतामा निर्भर हुन्छ।

नेपाल प्रहरीले विगतका सात दशकभन्दा बढी अवधिमा विभिन्न राजनीतिक प्रणाली, शासन व्यवस्था र सामाजिक परिवर्तनका बीच आफ्नो भूमिका निर्वाह गरेको छ। प्रजातन्त्रको पुनःस्थापना, सशस्त्र द्वन्द्व, शान्ति प्रक्रिया, संविधान निर्माण, प्राकृतिक विपत्ति तथा दैनिक सुरक्षा चुनौतीहरूमाझ यस संस्थाले राष्ट्रिय स्तरमा कार्य गर्दै आएको छ। आलोचना र कमजोरीहरू हुँदाहुँदै पनि नेपाल प्रहरीको एउटा महत्वपूर्ण विशेषता भनेको यसको राष्ट्रिय चरित्र हो। मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्म एउटै कमान्ड संरचनामा सञ्चालन हुने यो संस्था नेपालको राष्ट्रिय एकता र कानुनी शासनको आधारस्तम्भमध्ये एक मानिन्छ।

यही कारणले प्रहरी संगठनलाई प्रदेश सरकारको पूर्ण नियन्त्रणमा दिने प्रस्तावलाई धेरैले केवल प्रशासनिक विषयका रूपमा नभई राष्ट्रिय सुरक्षाको विषयका रूपमा हेर्ने गरेका छन्। प्रश्न उठ्छ–के अहिलेको राजनीतिक र प्रशासनिक अवस्था त्यस्तो निर्णयका लागि पर्याप्त परिपक्व भइसकेको छ?

सुरक्षा निकायको तटस्थता लोकतन्त्रको आधारभूत आवश्यकता हो। प्रहरीको सरुवा, बढुवा, अनुसन्धान र कारबाही कानुन र संस्थागत प्रक्रियाबाट निर्देशित हुनुपर्छ। यदि सुरक्षा संगठनको भविष्य राजनीतिक नेतृत्वको प्रत्यक्ष नियन्त्रणमा जान थाल्यो भने त्यसले प्रहरीको व्यावसायिक स्वतन्त्रतामा असर पार्न सक्छ। विशेषगरी राजनीतिक संस्कार अझै पूर्ण रूपमा संस्थागत हुन नसकेको समाजमा यस्तो जोखिमलाई हल्का रूपमा लिन मिल्दैन।

नेपालको राजनीतिक इतिहास हेर्दा राज्यका निकायहरूलाई राजनीतिक प्रभावबाट मुक्त राख्न संघर्ष गर्नुपरेको यथार्थ छ। प्रशासनिक सेवा, सार्वजनिक संस्थान, विश्वविद्यालय र विभिन्न संवैधानिक निकायहरूमाथि समेत राजनीतिक प्रभावका बहसहरू निरन्तर चलिरहेका छन्। यस्तो अवस्थामा सुरक्षा निकायलाई थप राजनीतिक प्रभावको सम्भावनाभित्र धकेल्नु बुद्धिमानीपूर्ण कदम नहुन सक्छ भन्ने मतलाई सहजै अस्वीकार गर्न सकिँदैन।

संघीयताका पक्षधरहरूले प्रदेश सरकारलाई सुरक्षा व्यवस्थापनमा भूमिका दिनुपर्ने तर्क राख्छन्। स्थानीय आवश्यकता स्थानीय सरकारले राम्रोसँग बुझ्ने भएकाले सुरक्षा नीति पनि विकेन्द्रीकृत हुनुपर्ने उनीहरूको भनाइ छ। यो तर्क पूर्णतः अस्वाभाविक होइन। तर सुरक्षा व्यवस्थापनमा भूमिका दिनु र प्रहरी संगठनमाथिको पूर्ण नियन्त्रण हस्तान्तरण गर्नु एउटै कुरा होइन।

विश्वका विभिन्न संघीय मुलुकहरूको अनुभव पनि सन्दर्भयोग्य छ। संयुक्त राज्य अमेरिका, जर्मनी, अस्ट्रेलिया वा भारतजस्ता मुलुकहरूमा सुरक्षा संरचनाहरू संघीय र प्रादेशिक तहमा विभाजित भए पनि त्यहाँको प्रशासनिक परिपक्वता, कानुनी परम्परा, संस्थागत नियन्त्रण र जवाफदेहिताका संयन्त्र अत्यन्त बलिया छन्। नेपालमा भने संघीयता स्वयं नयाँ अभ्यास हो। प्रदेश प्रशासनको संस्थागत क्षमता अझै निर्माणकै चरणमा छ। त्यसैले विकसित संघीय मुलुकहरूको संरचना जस्ताको तस्तै अनुकरण गर्नु व्यावहारिक समाधान नहुन सक्छ।

अर्को महत्वपूर्ण पक्ष वर्तमान राष्ट्रिय सुरक्षा अवस्था पनि हो। नेपाल राजनीतिक रूपमा स्थिर देखिए पनि सामाजिक र आर्थिक चुनौतीहरू गम्भीर छन्। बेरोजगारी, वैदेशिक पलायन, सीमापार अपराध, साइबर अपराध, मानव बेचबिखन, लागूऔषध कारोबार र सामाजिक ध्रुवीकरणजस्ता चुनौतीहरू निरन्तर बढिरहेका छन्। यस्ता चुनौतीहरूको सामना गर्न एकीकृत सूचना प्रणाली, एकीकृत अनुसन्धान संरचना र राष्ट्रिय स्तरको समन्वय अत्यन्त आवश्यक हुन्छ। यदि सुरक्षा संरचनाहरू राजनीतिक वा प्रशासनिक रूपमा अत्यधिक विभाजित भए भने समन्वयको चुनौती झन् जटिल बन्न सक्छ।

यसको अर्थ प्रदेशलाई कुनै भूमिका नै नदिने भन्ने होइन। संघीयताको मर्मअनुसार प्रदेश सरकारहरूलाई सुरक्षा नीतिको कार्यान्वयन, सामुदायिक प्रहरी कार्यक्रम, विपद् व्यवस्थापन, स्थानीय अपराध नियन्त्रण तथा सुरक्षा समन्वयमा महत्वपूर्ण जिम्मेवारी दिन सकिन्छ। प्रदेशस्तरीय सुरक्षा परिषद्हरूलाई प्रभावकारी बनाउन सकिन्छ। प्रहरी सेवा प्रवाहलाई स्थानीय आवश्यकताअनुसार सुधार गर्न सकिन्छ। तर प्रहरीको भर्ती, तालिम, बढुवा, अनुशासन र राष्ट्रिय कमान्ड संरचनालाई संघीय तहमा कायम राख्नु वर्तमान सन्दर्भमा बढी उपयुक्त देखिन्छ।

वास्तवमा अहिलेको बहसको केन्द्रबिन्दु अधिकारभन्दा पनि विश्वासको प्रश्न हो। जबसम्म प्रदेश सरकारहरूले सुशासन, पारदर्शिता र प्रशासनिक निष्पक्षतामाथि नागरिकको बलियो विश्वास स्थापित गर्न सक्दैनन्, तबसम्म सुरक्षा जस्तो संवेदनशील क्षेत्रको पूर्ण जिम्मेवारी हस्तान्तरणप्रति शंका रहिरहनेछ। लोकतन्त्रमा संस्थामाथिको विश्वास कानुनी व्यवस्थाले मात्र होइन, व्यवहारले निर्माण गर्छ।

राष्ट्रिय संस्थाहरूको महत्व संकटका बेला झन् स्पष्ट हुन्छ। कुनै पनि राष्ट्रको शक्ति केवल भौतिक पूर्वाधारमा आधारित हुँदैन; त्यसका संस्थाहरूको विश्वसनीयतामा आधारित हुन्छ। न्यायालय, सेना, निर्वाचन आयोग र प्रहरीजस्ता संस्थाहरूले नागरिकको विश्वास जोगाइराख्न सके भने मात्र लोकतान्त्रिक व्यवस्था दीर्घकालीन रूपमा स्थिर रहन्छ।

नेपाल प्रहरीलाई सुधार आवश्यक छैन भन्ने होइन। आधुनिक प्रविधि, अनुसन्धान क्षमता, मानव स्रोत व्यवस्थापन, आन्तरिक अनुशासन र जनउत्तरदायित्वका क्षेत्रमा व्यापक सुधार आवश्यक छन्। तर सुधारको नाममा संस्थाको राष्ट्रिय चरित्रलाई कमजोर बनाउने निर्णयले अपेक्षित परिणाम दिनेछ भन्ने सुनिश्चितता छैन।

संविधानले दिएको अधिकारको सम्मान गर्दै, संघीयताको मर्मलाई आत्मसात् गर्दै र राष्ट्रिय सुरक्षाको संवेदनशीलतालाई केन्द्रमा राख्दै सन्तुलित समाधान खोज्नु आजको आवश्यकता हो। प्रदेशलाई सहभागिता र समन्वयको पर्याप्त अधिकार दिइनुपर्छ, तर राष्ट्रिय सुरक्षाको मेरुदण्ड बनेको प्रहरी संगठनलाई राजनीतिक प्रतिस्पर्धा र प्रशासनिक प्रयोगको विषय बनाइनु हुँदैन।

संघीयता सफल बनाउन राज्यका संरचनाहरूलाई बलियो बनाउनु आवश्यक छ, कमजोर होइन। प्रहरीलाई प्रदेशको पूर्ण नियन्त्रणमा दिने निर्णयले यदि राष्ट्रिय सुरक्षा, संस्थागत तटस्थता र सार्वजनिक विश्वासमाथि प्रश्न उठाउने सम्भावना राख्छ भने त्यसबारे गम्भीर पुनर्विचार आवश्यक छ। लोकतन्त्रमा अधिकार महत्वपूर्ण हुन्छ, तर अधिकारभन्दा ठूलो कुरा त्यसको जिम्मेवार प्रयोग हो। आजको नेपालको सन्दर्भमा प्रहरी संगठनलाई राष्ट्रिय चरित्रसहित कायम राख्दै सुधार र समन्वयको बाटो रोज्नु नै अधिक विवेकपूर्ण विकल्प देखिन्छ।

# महिलामाथि धारिलो हतियारले आक्रमण



**टुडे समाचारदाता**

लहान । घाँस काट्न गएकी एक महिलालाई सिरहाको कल्याणपुर नगरपालिका वडा नं. ४ मझौलियामा अज्ञात व्यक्तिले धारिलो हतियार प्रहार गरी सुनचाँदीका गरगहना लुटेको घटना सार्वजनिक भएको छ ।

स्थानीयका अनुसार मझौलिया निवासी दिनेश यादवकी श्रीमती चन्द्रकला देवी यादव निर्दना-डरौलस्थित आफ्नै खेतमा घाँस काट्न गएको बेला अज्ञात व्यक्तिले पछाडिबाट आएर उनको मुख थुनी घाँटीमा धारिलो हतियार प्रहार गरेको बताइएको छ ।

घटनामा गम्भीर घाइते भएकी चन्द्रकलाबाट करिब ४० तोला चाँदीका कडा, ४ आनाको मंगलसूत्र, ८ आनाको सुनको कानको गहना तथा १ आनाको नाकको गहना लुटिएको परिवारजनले बताएका छन् । घाइते चन्द्रकलाको सिरहाको मिर्चैयास्थित एक अस्पतालमा उपचार भइरहेको छ । उनको अवस्था उपचारपछि मात्रै स्पष्ट हुने चिकित्सकहरूले बताएका छन् । घटनापछि स्थानीयवासी त्रसित बनेका छन्। घटनामा संलग्न व्यक्तिको खोजी तथा अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले घटनास्थलको निरीक्षण गरी आवश्यक अनुसन्धान अगाडि बढाएको छ ।

दिनदहाडै खेतमा काम गरिरहेकी महिलामाथि भएको आक्रमण र लुटपाटको घटनाले स्थानीय क्षेत्रमा सुरक्षा व्यवस्थाप्रति समेत प्रश्न उठाएको छ। प्रहरीले दोषीलाई चाँडै पक्राउ गरी कानुनी कारबाही गरिने जनाएको छ ।

# डकैती घटनाका ११ जना जेल चलान



**टुडे समाचारदाता**

लहान । सिरहाको कल्याणपुर नगरपालिका-१२ बेल्हाकट्टीस्थित एक घरमा भएको डकैती घटनामा संलग्न ११ जना प्रतिवादीलाई जिल्ला अदालत सिरहाले पुर्पक्षका लागि कारागार चलान गरेको छ ।

गत मंसिर ३ गते राति मुकेशकुमार सिंहको घरमा करिब ८-१० जनाको सशस्त्र समूह प्रवेश गरी डकैती गरेको थियो। हतियारधारी समूहले परिवारका सदस्यलाई नियन्त्रणमा लिई सुनचाँदीका गरगहना, नगद तथा अन्य बहुमूल्य सामग्री लुटेर लगेका थिए।

प्रहरी अनुसन्धान अनुसार डकैतीमा भारतीय नागरिक तथा भारतीय सुटरहरूको समेत संलग्नता रहेको खुलेको छ । लुटपाटपछि समूह करिब २०-२५ मिनेटमै अर्को घरतर्फ जान लागेको अवस्थामा स्थानीय वीरेन्द्र महतो र उनका छोरा अनिलकुमार महतोले प्रतिकार गर्ने प्रयास गरेका थिए ।

प्रतिकारका क्रममा बद्री भनिने अजय पासवान र मोटु भनिने हिरालाल पासवानले कटुवा पेस्तोलबाट गोली प्रहार गरेका थिए। गोली वीरेन्द्र र अनिल दुवैको छातीमा लागेको भए पनि समयमै उपचार पाउँदा उनीहरूको ज्यान जोगिएको छ। घटना लगत्तै डकैती समूह भारततर्फ भागेको र पछि त्यहाँ पनि समान प्रकृतिका डकैती गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीले विशेष सूचनाका आधारमा फागुन ६ गते सिरहा नगरपालिका-१३ स्थित सडक खण्डबाट लहानका लाल मोहम्मद अन्सारी, एकवाल मियाँ तथा भारतीय नागरिक मोहम्मद गुलाब अन्सारीलाई पक्राउ गरेको थियो । उनीहरूको डेराबाट कटुवा बन्दुक, गोली तथा ३० ग्राम खैरो हेरोइन बरामद भएको प्रहरीले जनाएको छ ।

# लैंगिक हिंसा र बालविवाह बारे छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा विद्यमान लैंगिक हिंसा, दाइजो प्रथा, बालविवाह तथा महिलामाथि हुने विभेदका विषयमा जनकपुरधाममा छलफल गरिएको छ ।

मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालय र युएनएफपिएको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा नेपालले विश्वव्यापी आवधिक समीक्षा (युपीआर) प्रक्रिया अन्तर्गत गरेका मानवअधिकार सम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयन अवस्थाको क्रममा छलफल गरिएको हो ।

युपीआरमार्फत नेपालले प्राप्त गरेका सुझावहरूको कार्यान्वयन अवस्था, प्रदेश तथा स्थानीय सरकारको भूमिका र आगामी चुनौतीबारे समीक्षा गरिएको हो । कार्यक्रममा मन्त्रालयको समाज कल्याण महाशाखाकी निर्मला मिश्रले मधेशमा महिला तथा बालबालिकामाथि हुने लैंगिक हिंसाका घटनाहरू अझै चिन्ताजनक रहेको बताइन् ।

उनले शिक्षा, चेतना र आर्थिक सशक्तीकरणको अभावका कारण महिलाहरू विभिन्न प्रकारका हिंसा र विभेदको शिकार बन्ने गरेको



उल्लेख गर्दै समस्या समाधानका लागि समुदायस्तरबाटै अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिइन् ।

यौन तथा प्रजनन स्वास्थ्य विज्ञ समीर घिमिरेले युपीआरलाई मानवअधिकारको अवस्था मूल्यांकन गर्ने मात्र नभई सुधारका लागि मार्गनिर्देशन गर्ने महत्वपूर्ण अन्तर्राष्ट्रिय संयन्त्रका रूपमा व्याख्या गरे । उनले लैंगिक हिंसा नियन्त्रण, महिला अधिकार संरक्षण तथा सामाजिक कुरीति अन्त्यका विषयमा प्रदेश र स्थानीय तहको सक्रिय भूमिका आवश्यक रहेको बताए ।

उनका अनुसार युपीआर प्रक्रियाअन्तर्गत नेपालले २८४ भन्दा बढी अन्तर्राष्ट्रिय सुझाव प्राप्त गरेको छ । तीमध्ये लैंगिक हिंसा न्यूनीकरण, यौन तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच विस्तार, दाइजो प्रथा उन्मूलन, बालविवाह नियन्त्रण तथा दण्डहीनताको अन्त्यजस्ता विषय प्रमुख प्राथमिकतामा रहेको छ ।

छलफलमा सहभागीहरूले मधेश प्रदेशमा अझै पनि दाइजो प्रथा, बालविवाह र लैंगिक हिंसाजस्ता सामाजिक समस्या गम्भीर चुनौतीका रूपमा रहेको उल्लेख गर्दै यस्ता कुरीति अन्त्य नगरेसम्म मानवअधिकारको पूर्ण सुनिश्चितता सम्भव नहुने धारणा राखे ।

उनीहरूले कानुनी व्यवस्था कार्यान्वयनसँगै जनचेतना अभिवृद्धि, शिक्षा विस्तार र स्थानीय तहको सक्रिय सहभागिता अपरिहार्य रहेको बताएका थिए। कार्यक्रममा मानवअधिकार संरक्षण तथा लैंगिक समानता प्रवर्द्धनका लागि प्रदेशस्तरबाट थप प्रभावकारी नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

# महोत्तरीमा बाघ देखा पर्‍यो



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीस्थित चुरे क्षेत्रका बस्तीमा बाघको आतङ्क बढेको छ । जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको बर्दिबास नगर क्षेत्रका काछ बस्तीमा पछिल्लो साता बाघको आतंक बढेको हो ।

गत आइतबार बर्दिबास-५ टुटेश्वर सिरानको वरडाँडा बस्तीमा राति गोठ पसेर घरपालुवा पशु मारेको बाघ अहिले नगरको पूर्वी काछ बस्तीमा पुगेको बताइएको छ । गोठ पसेर गाईगोरु, बोका, बाख्रा र सुँगुर मार्ने वन्यजन्तु पाटे बाघ भएको शुक्रबार राति पहिचान भएको छ ।

'लगातार चार दिनदेखि बर्दिबास-३ को रातु नदीको पश्चिमतिरको पाटु डाँडामा राति बोका, बाख्रा र सुँगुर मारेको थियो, कुन जन्तु हो एकिन भएको थिएन', बर्दिबास-३ का वडाध्यक्ष विराट विष्टले भने,' शुक्रबार राति भने पहरा दिएर बसेका गाउँलेले सानो बच्चा (डमरु) सहित पाटेबाघ देखेका हुन् ।'

राँको बालेर टिन ठटाएपछि बाघ घना जङ्गलभित्र पसेको पाटुकै बासिन्दा कारेभोगटे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रमेश पौडेल खत्रीले बताए ।

'हाम्रो बस्तीमा बुधबार रातिदेखि लगातार सुँगुर, बोका र बाख्रा खोरबाटै थुतेर मारेको थियो, कहिले मार्‍यो चिनिएको थिएन', खत्रीले भने, 'हिजो शुक्रबार साँझैदेखि पहरा दिएर बस्यौं, बच्चासहितको पाटे बाघ देखियो ।'

शुक्रबार राति बाघ जंगल पसेपनि स्थानीय आतंकित भएका छन् । बाघले बुधबार राति पाटु डाँडाका कृष्णबहादुर मगरको सुँगुरको चार/पाँच धार्नीको पाठो र बिहीबार राति रुपमायाँ खड्काको आठ/नौ धार्नीको बोका र गर्भिणी बाख्रा खोरबाटै थुतेर लगेर मारेको थियो ।

यसअघि करिब १५ किलोमिटर पश्चिमको बर्दिबास-५ वरडाँडामा बाघले साताको प्रारम्भमा सो बस्तीका प्रेमबहादुर थिङको लैनो गाई र वृजबहादुर थिङ्को बाछो मारेको थियो । वरडाँडाका बासिन्दाले पनि मङ्गलबार राति राँको बालेर होहल्ला गरेपछि बाघ पूर्व लागेको थियो । बाघको आतंक बढेपछि बस्ती वरपर खेतबारी हिँडडुलमा पनि डर भएको पाटुकै बासिन्दा ओमबहादुर खड्का बताउँछन् । अहिले चुरे काछका बासिन्दाहरू बाघ बस्ती पस्न नदिन वनसम्बन्ध अधिकारीसँग गुहार लगाइ रहेका छन् । यसैबीच, चुरे क्षेत्रका सामुदायिक वन उपभोक्ता समिति र वनसम्बद्ध यस क्षेत्रका कार्यालयले साँझपख हिँडडुल नगर्न, बस्ती वरपर चनाखो भएर रहन र घरपालुवा पशुबस्तु खोर वा गोठमा बन्दिलो गरी सुरक्षित राख्न अपिल गरेका छन् ।

# ट्राफिक जनचेतना सप्ताह

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लामा सञ्चालन भइरहेको 'ट्राफिक जनचेतनामूलक सप्ताह-२०८३' अन्तर्गत विभिन्न सचेतनामूलक कार्यक्रमलाई तीव्रता दिइएको छ।

सप्ताहअन्तर्गत तेस्रो दिन सवारी साधनहरूको मेकानिकल चेकजाँच, सिट क्षमता तथा आरक्षण सिट कार्यान्वयनको अनुगमन, सार्वजनिक बसको भाडादर निरीक्षण तथा जनचेतनामूलक सामग्री वितरण गरिएको छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, जिल्ला प्रहरी कार्यालय रौतहट तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको समन्वयमा सञ्चालन भइरहेको कार्यक्रमलाई मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले सहयोग गरिरहेको छ।

सप्ताहअन्तर्गत ट्राफिक प्रहरीले सवारी साधनहरूमा जनचेतनामूलक स्टिकर टाँस्नुका साथै बजार तथा सार्वजनिक स्थलहरूमा पर्चा-पम्प्लेट वितरण गरेको छ।

मुख्य चोक तथा व्यस्त सडक क्षेत्रमा ट्राफिक सुरक्षा सम्बन्धी



जिङ्गल बजाएर सर्वसाधारणलाई ट्राफिक नियमबारे सचेत गराइएको थियो ।

यसअघि दोस्रो दिन यातायात व्यवसायी तथा मजदुरहरूसँग सडक दुर्घटना न्यूनीकरणका उपायबारे अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा चालक तथा सहचालकलाई ट्राफिक नियमको पालना, सुरक्षित सवारी सञ्चालन र दुर्घटनाका प्रमुख कारणबारे जानकारी गराइएको थियो ।

त्यसैगरी जिल्लाका विभिन्न विद्यालय तथा कलेजमा विद्यार्थीलाई लक्षित गरी ट्राफिक सचेतना प्रशिक्षण सञ्चालन गरिएको थियो । प्रशिक्षणका क्रममा जेब्रा क्रसिङको प्रयोग, हेल्मेट तथा सिटबेल्टको महत्व, ट्राफिक संकेतहरूको अर्थ र सुरक्षित सडक प्रयोगसम्बन्धी जानकारी प्रदान गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सप्ताहभर विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरी ट्राफिक नियम पालनाको संस्कार विकास गर्ने, सडक अनुशासन कायम गर्ने तथा सडक दुर्घटना न्यूनीकरण गर्ने लक्ष्य राखिएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख इन्स्पेक्टर राजेन्द्र थापा मगर ले सडक सुरक्षा केवल प्रहरीको मात्र जिम्मेवारी नभई सबै नागरिकको साझा दायित्व भएको उल्लेख गर्दै ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गरेका छन्। उनका अनुसार सप्ताहअन्तर्गत आगामी दिनहरूमा पनि जिल्लाका विभिन्न स्थानमा जनचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ।

# बेपता बालकको अवस्था अझै अज्ञात

**टुडे समाचारदाता**

जलेश्वर । गत एक महिनाअघि महोत्तरीको सदरमुकाम जलेश्वरबाट बेपत्ता भएका १२ वर्षीय बालक गौतम यादवको अवस्था अझै अज्ञात रहेको छ । लामो समय बितिसक्दा पनि बालक फेला नपरेपछि परिवार र स्थानीयवासी चिन्तित बनेका हुन् ।

जलेश्वर नगरपालिका-१२ थरुवाही निवासी गौतम यादव गत जेठ ७ गते बिहान करिब ६ बजे विद्यालय जान्छु भन्दै घरबाट निस्किएका थिए । जलेश्वर नगरपालिका-२ स्थित एड्भान्स लर्नर्स हिमालयन इङ्लिस बोर्डिङ स्कुलमा कक्षा ४ मा अध्ययनरत उनी विद्यालय पोसाक, झोला, कापी र साइकलसहित घरबाट निस्किए पनि त्यसपछि सम्पर्कविहीन भएका हुन् ।

विद्यालय पुगे वा बाटोमै हराए भन्नेबारे अहिलेसम्म कुनै यकिन जानकारी प्राप्त नभएको परिवारले जनाएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले बालकको खोजी कार्य निरन्तर जारी रहेको बताए ।

प्रहरी, परिवार, आफन्त तथा स्थानीय तहबाट खोजी प्रयास



भए पनि हालसम्म कुनै सुराक फेला नपरेको उनले जानकारी दिए । बालक बेपत्ता भएको एक महिना पूरा हुँदा पनि अवस्था पत्ता नलागेपछि परिवार गहिरो पीडामा रहेको छ । परिवारका सदस्यहरू दिनरात खोजीमा जुटिरहेका छन् भने छोराको सकुशल फिर्तीको आशामा रहेका छन् ।

स्थानीयले समेत सानो उमेरको बालक लामो समयसम्म बेपत्ता रहनु चिन्ताजनक भएको भन्दै खोजी कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायसँग आग्रह गरेका छन् । परिवारले गौतम यादवलाई देख्ने वा उनको अवस्थाबारे जानकारी पाउने जो कोहीलाई नजिकको प्रहरी कार्यालय वा परिवारलाई सम्पर्क गर्न अनुरोध गरेको छ ।

# चिडियाखानाका प्रमुख साहलाई हटाइयो

**टुडे समाचारदाता**

काठमाण्डू। सदर चिडियाखाना जावलाखेलमा बर्ड फ्लु (एच फाइभ एन वान) को संक्रमण पुष्टि भएको विषय लुकाएर राखेको आरोपमा चिडियाखाना प्रमुख सत्यनारायण साह छानबिनमा तानिएका छन् ।

कोषको अध्यक्ष समेत रहेकी कृषि वन तथा पर्यावरण मन्त्री गिता चौधरीको निर्देशनमा कोषले साहलाई चिडियाखाना प्रमुखको पदबाट हटाएको छ । कोषले चिडियाखानामा फैलिएको बर्ड फ्लूको कारण पत्ता लगायत प्रवक्ता एवं प्रजाति विभाग प्रमुख रचना शाहको संयोजक्तमा ३ सदस्यसीय छानबिन समिति बनाएको हो ।

समितिको सदस्यहरूमा कोषका प्रशासन प्रमुख हरिविक्रम सिंह र संरक्षण क्षेत्र विभागका प्रमुख डा मधु क्षेत्री सदस्य छन् । दुवै जनालाई एक हप्ताभित्र छानबिन गरेर प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ । पशु सेवा विभागमा गरिएको नमुना परीक्षणबाट चिडियाखानाका जीवजन्तुमा बर्ड फ्लु पुष्टि भएको थियो ।

वन्यजन्तुको सुरक्षा र सूचना प्रवाहमा संवेदनशील नभएको उल्लेख गर्दै कोषले प्रमुख साहलाई केन्द्रीय कार्यालयमा तानेको छ । साहलाई जिम्मेवारीबाट हटाइएकाले चिडियाखानाको निमित्त प्रमुखको जिम्मेवारी वरिष्ठ अधिकृत बाबुलाल तिरुवालाई दिइएको छ।

चिडियाखानामा करिब १० दिनअघि बाटै पन्छी र जनावर मरेका भएपनि यसबारे प्रकृति संरक्षण कोषको केन्द्रीय कार्यालयलाई साहले कुनै जानकारी नै दिएका थिएनन् । चराचुरुंगीहरू मर्ने क्रम नरोकिएपछि परीक्षण गर्दा बकुल्ला, लाटोकोसेरो, गिद्ध तथा जनावरतर्फ नीरबिरालो र चरीबाघमा समेत बर्ड फ्लु फेला परेको थियो ।

रोग संक्रमणका कारण वन्यजन्तुहरू मरेको धेरै दिन बितिसक्दा कुनै जानकारी नदिइएपछि साहलाई जिम्मेवारीबाट हटाउन निर्देशन दिइएको छ ।रासस

# कन्या कौशल शिविर सम्पन्न

**टुडे समाचारदाता**

रौतहट। भारत उत्तराखण्ड हरिद्वार स्थित गायत्री तीर्थ शान्तिकुञ्जमा आयोजित तीनदिने कन्या कौशल शिविर शनिबार सम्पन्न भएको छ। शिविरको समापनअघि सहभागी बालिकाहरूले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

शिविरमा जम्मु-कश्मीरको सुन्दरबनीसहित विभिन्न क्षेत्रबाट आएका बालिका तथा उनीहरूका अभिभावकहरूको सहभागिता रहेको थियो । शिविरका क्रममा सहभागीहरूले शान्तिकुञ्जकी अधिष्ठात्री श्रद्धेया शैलदीदीसँग भेट गरी आशीर्वाद तथा मार्गदर्शन प्राप्त गरेका थिए।

सो अवसरमा शैलदीदीले कन्याहरूको सर्वाङ्गीण विकास, आत्मविश्वास अभिवृद्धि, संस्कार तथा सीप विकासका लागि यस्ता शिविर अत्यन्त उपयोगी हुने बताइन् । उनले शिक्षासँगै व्यक्तित्व विकास, सांस्कृतिक मूल्यहरूको संरक्षण तथा आत्मनिर्भरता सम्बन्धी तालिम आजको आवश्यकता रहेको उल्लेख गरिन्।

समापन समारोहलाई



सम्बोधन गर्दै शान्तिकुञ्जका प्रतिनिधि वीरेन्द्र तिवारीले छोरीहरू समाज र संस्कृतिको मेरुदण्ड भएको बताए । युग निर्माणको अभियानमा उनीहरूलाई संस्कारयुक्त र सीपसम्पन्न बनाउनु आवश्यक रहेको उनको भनाइ थियो। उनले बालिकाहरूलाई जीवनमा निरन्तर अगाडि बढ्न तथा 'हामी बदलिन्छौं, युग बदलिन्छ' भन्ने गायत्री परिवारको संकल्पलाई आत्मसात् गर्न प्रेरित गरे ।

यसअघि आयोजित सांस्कृतिक कार्यक्रममा समूह नृत्य, जम्मु क्षेत्रका लोकसांस्कृतिक प्रस्तुति, देशभक्तिपूर्ण गीत तथा प्रेरणादायी प्रज्ञा गीतहरू प्रस्तुत गरिएको थियो। सहभागी बालिकाहरूले शिविरबाट प्राप्त अनुभवलाई जीवनोपयोगी र प्रेरणादायी रहेको बताएका थिए।

तीन दिनसम्म सञ्चालन भएको शिविरमा बौद्धिक सत्रसँगै यज्ञ, योग, प्राणायाम तथा ध्यानलाई दैनिक कार्यक्रमका रूपमा समावेश गरिएको थियो। शिविरका क्रममा गायत्री र यज्ञको ज्ञान-विज्ञान, जीवनको लक्ष्य, आदर्श तथा व्यक्तित्व विकासजस्ता विषयमा देव संस्कृति विश्वविद्यालयका प्रतिकुलपति डा. चिन्मय पण्ड्या, गायत्री विद्यापीठ व्यवस्थापन समितिकी अध्यक्ष शैफाली पण्ड्यासहित शान्तिकुञ्जका विषय विज्ञहरूले प्रशिक्षण तथा मार्गदर्शन दिएका थिए।

# हत्या आरोपी अन्ततः जेल चलान

**सञ्जय मिश्रा**

रौतहट। करिब दुई दशकभन्दा बढी समय फरार रहेका हत्या आरोपी श्यामबाबु चौरसिया अन्ततः कानुनी दायरामा आएका छन् । बारा जिल्लाको साविक मोतिसर गाविस-९ हाल कलैया उपमहानगरपालिका-१८ निवासी ४८ वर्षीय चौरसियालाई जिल्ला अदालत बाराले पुर्पक्षका लागि जेल चलान गरिएको हो ।

बारा प्रहरीका प्रवक्ता डीएसपी मीनबहादुर घलेका अनुसार २१ वर्षअघि भएको हत्या घटनामा संलग्न रहेका चौरसियालाई गत जेठ १३ गते पक्राउ गरिएको थियो । अनुसन्धान प्रक्रिया पूरा भएपछि शुक्रबार अदालतमा पेश गरिएकोमा अदालतले उनलाई थुनामा राखेर मुद्दाको थप सुनुवाइ अघि बढाउने आदेश दिएको हो ।

प्रहरीका अनुसार २०६२ साल असोज ३ गते बिहान वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पताल मा ड्युटी सकेर घर फर्किरहेका सितल प्रसाद चौरसियाको प्रसौनी गाउँपालिका-१ स्थित दुधौरा खोलाको बगरमा धारिलो हतियार प्रयोग गरी घाँटी काटेर हत्या गरिएको थियो। जग्गा सम्बन्धी पुरानो विवाद र रिसिइबीका कारण उक्त हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।




घटनापछि फरार रहेका चौरसिया लामो समयसम्म प्रहरीको पहुँचभन्दा बाहिर रहे पनि पछिल्लो अनुसन्धानका क्रममा पक्राउ परेका हुन् । घटनाले के सन्देश दिन्छ ?

२१ वर्षपछि भए पनि हत्या आरोपित पक्राउ पर्नु र अदालतबाट पुर्पक्षका लागि थुनामा पठाइनु नेपालमा गम्भीर अपराधका मुद्दाहरू समयसँगै हराएर नजाने उदाहरण बनेको छ । प्रहरीले पुराना मुद्दाहरूको अनुसन्धानलाई निरन्तरता दिँदा वर्षौंसम्म फरार रहेका अभियुक्तहरू समेत कानुनी कठघरामा आउन सक्ने देखिएको छ।

यस घटनाले अपराध गरेर लामो समय लुकेर बसे पनि अन्ततः कानुनको घेराभित्र आउनै पर्ने सन्देश दिएको छ भने पीडित परिवारका लागि न्यायको आशा अझ बलियो बनाएको छ ।

# आगामी आ.व.देखि रंगशालाको काम शुरु




**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशालाको निर्माण कार्य आगामी आर्थिक वर्षदेखि सुरु गरिने भएको छ।

मधेश खेलकुद परिषद्को आयोजनामा शनिबार जनकपुरधाममा सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री कृष्ण प्रसाद यादवले प्रदेश सरकार रंगशाला निर्माणलाई प्राथमिकतामा राखेर अघि बढिरहेको जानकारी दिए।

उनले रंगशाला निर्माणका लागि आगामी आर्थिक वर्षमा २ सय ५६ करोड रुपैयाँ लागत अनुमान गरिएको र निर्माण प्रक्रिया सुरु गरिने बताए। मुख्यमन्त्री यादवले खेलकुद क्षेत्रको समग्र विकासका लागि प्रदेश सरकारले विशेष योजना ल्याएको उल्लेख गर्दै क्रिकेटसहित अन्य खेलहरूको प्रवर्द्धनमा पनि बजेट विनियोजन गरिने बताए।

उनले प्रदेशका आठवटै जिल्लामा रहेका खेलमैदानहरूको स्तरोन्नति तथा पूर्वाधार विकासका लागि सरकार प्रतिबद्ध रहेको धारणा राखे। कार्यक्रममा मधेश खेलकुद परिषद्का सदस्य-सचिव शिवजी यादवले खेलकुदलाई युवासँग जोड्दै व्यावसायिक बनाउने लक्ष्यका साथ परिषद् काम गरिरहेको बताए।

खेलकुद क्षेत्रको विकासले प्रदेशको समग्र विकासमा योगदान पुग्ने विश्वास व्यक्त गर्दै उनले मधेशलाई खेलकुदमय प्रदेश बनाउने अभियानलाई तीव्रता दिइने बताए।

शनिबारदेखि सुरु भएको नेकोस कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगितामा मधेश, कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशका टोली तथा नेपाल एपीएफ क्लब गरी आठ टोलीको सहभागिता रहेको छ।

प्रतियोगिताका खेलहरू जनकपुरधाम र वीरगञ्जमा सञ्चालन हुनेछन् भने फाइनल खेल वीरगञ्जमा आयोजना गरिने आयोजकले जनाएको छ।

# पत्रकार सुरक्षित र स्वतन्त्र हुनुपर्छ

"पत्रकार स्वतन्त्र हुनुपर्छ, पत्रकारले सुरक्षाको अनुभूति गर्नुपर्छ। जब पत्रकार सुरक्षित र स्वतन्त्र हुन्छन्, तब मात्र लोकतन्त्रको वास्तविक अभ्यास सम्भव हुन्छ," मन्त्री महतोले भने।

**टुडे समाचारदाता**

बर्दिबास। प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा, व्यवसायिक पत्रकारिता तथा मधेश प्रदेशको समग्र विकासका चुनौतीबारे धारणा राख्दै लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउन स्वतन्त्र र जिम्मेवार सञ्चार माध्यमको भूमिका महत्वपूर्ण रहेकोमा वक्ताहरुले जोड दिएका छन्।

महोत्तरीको बर्दिबासमा शनिवार आयोजित नेपाल पत्रकार महासंघ मधेश प्रदेशको पाँचौँ साधारणसभा बोल्ने वक्ताहरूले यस्तो बताएका हुन्।




नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्यामप्रसाद बञ्जाराको अध्यक्षतामा सम्पन्न साधारणसभाको उद्घाटन मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले गरे।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री महतोले पत्रकारिता क्षेत्र लोकतन्त्रको आधारस्तम्भ भएकाले पत्रकारहरू स्वतन्त्र, निष्पक्ष र निर्भीक रूपमा काम गर्न सक्ने वातावरण सुनिश्चित हुनुपर्ने बताए। पत्रकारले सुरक्षाको अनुभूति गर्न नसके अभिव्यक्ति स्वतन्त्रता कमजोर हुने र त्यसले लोकतान्त्रिक प्रणालीमै असर पार्ने उनको भनाइ थियो।

'पत्रकार स्वतन्त्र हुनुपर्छ, पत्रकारले सुरक्षाको अनुभूति गर्नुपर्छ। जब पत्रकार सुरक्षित र स्वतन्त्र हुन्छन्, तब मात्र लोकतन्त्रको वास्तविक अभ्यास सम्भव हुन्छ,' मन्त्री महतोले भने।

उनले सञ्चार क्षेत्रलाई सुदृढ बनाउन प्रदेश सरकार सकारात्मक रहेको उल्लेख गर्दै पत्रकारका पेशागत समस्या समाधानका लागि आवश्यक सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। सञ्चार क्षेत्रको विकासमा प्रदेश सरकार र पत्रकार समुदायबीच सहकार्य आवश्यक रहेकोमा उनले जोड दिए।

कार्यक्रममा श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले समाजमा समानता, न्याय र सुशासन स्थापना गर्न सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताइन्। उनले पत्रकारिताले समाजका आवाजलाई नीति निर्माण तहसम्म पुर्याउने भएकाले पत्रकारको क्षमता अभिवृद्धि र पेशागत संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्ने धारणा राखिन्।

'मधेश प्रदेशमा चुनौती धेरै छन्, समस्या पनि थुप्रै छन्। स्रोतको अभावका बीच जनताको आवश्यकता पूरा गर्नुपर्ने अवस्था छ। बजेट सीमित भए पनि सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्ने छैन,' उनले भनिन्।

मन्त्री थापाले सीमित स्रोत साधनका बाबजुद प्रदेश सरकारले जनअपेक्षाअनुसार काम गर्ने प्रयास गरिरहेको बताइन्। उनले विकास निर्माण, रोजगार, यातायात व्यवस्थापन तथा सामाजिक क्षेत्रका समस्याहरू समाधान गर्न प्रदेश सरकार निरन्तर प्रयासरत रहेको जानकारी दिइन्।

कार्यक्रममा सहभागी विभिन्न वक्ताहरूले प्रेस स्वतन्त्रता, पत्रकारको पेशागत सुरक्षा, श्रम अधिकार, सञ्चार क्षेत्रको संस्थागत विकास तथा प्रदेशस्तरमा सञ्चारमैत्री नीति निर्माणको आवश्यकता औंल्याएका थिए। उनीहरूले पत्रकारिता क्षेत्रलाई थप मर्यादित, व्यवसायिक र उत्तरदायी बनाउन राज्य, सञ्चार संस्था तथा पत्रकार स्वयंको भूमिका महत्वपूर्ण रहने धारणा व्यक्त गरे।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष बञ्जाराले पत्रकारिता क्षेत्र अनेक चुनौतीबीच आफ्नो दायित्व निर्वाह गरिरहेको उल्लेख गर्दै पत्रकार हरूको हकहित, पेशागत सुरक्षा र क्षमता विकासका लागि महासंघ निरन्तर क्रियाशील रहेको बताए।

उनले बदलिँदो सञ्चार परिवेशमा पत्रकारले तथ्यमा आधारित, जिम्मेवार र जनपक्षीय पत्रकारितालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए। साथै पत्रकारको सुरक्षा, सामाजिक सुरक्षा, श्रम अधिकार र पेशागत सम्मान सुनिश्चित गर्न सम्बन्धित निकायसँग निरन्तर पहल भइरहेको जानकारी दिए।

साधारणसभामा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका पत्रकार, सञ्चारकर्मी, महासंघका पदाधिकारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा पत्रकारिता क्षेत्रका समसामयिक चुनौती, संगठनको भावी कार्यदिशा तथा सञ्चार क्षेत्रको विकासका विषयमा समेत विस्तृत छलफल गरिएको जनाइएको छ।

# लागूऔषध दुरुपयोग रोक्न सचेतना अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम। लागुऔषधको बढ्दो दुरुपयोग, अवैध कारोबार तथा ओसारपोसारले समाजमा गम्भीर चुनौती सिर्जना गरिरहेका बेला धनुषा जिल्लामा यसको नियन्त्रण र रोकथामका लागि सप्ताहव्यापी जनचेतनामूलक अभियान सुरु गरिएको छ।




जिल्ला प्रशासन कार्यालय धनुषाको अगुवाइमा सुरु भएको यो अभियान असार ६ गतेदेखि १२ गतेसम्म सञ्चालन हुने जनाइएको छ।

'लागुऔषधको चुनौती चिनौं, सामाजिक समाधानको बाटो खोजौं' भन्ने मूल नाराका साथ सुरु गरिएको अभियानको पहिलो दिन विभिन्न सरोकारवाला निकाय, सुरक्षा निकाय, सामाजिक संस्था तथा सरकारी कार्यालयका प्रतिनिधिहरूबीच लागुऔषध दुरुपयोग र अवैध ओसारपोसार नियन्त्रणका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

अभियानको उद्घाटन गर्दै प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले लागुऔषधको समस्या कुनै एक व्यक्ति वा परिवारको मात्र नभई सम्पूर्ण समाजकै साझा चुनौतीको रूपमा विस्तार भइरहेको बताए। उनले पछिल्लो समय विशेषगरी युवा पुस्ता लागुऔषधको दुर्व्यसनतर्फ आकर्षित हुँदै गएको भन्दै यसले सामाजिक, आर्थिक तथा पारिवारिक संरचनामै नकारात्मक प्रभाव पारिरहेको उल्लेख गरे।

उनका अनुसार लागुऔषध नियन्त्रणका लागि प्रशासनिक तथा कानुनी प्रयास मात्र पर्याप्त नहुने भएकाले परिवार, विद्यालय, स्थानीय समुदाय, सुरक्षा निकाय तथा विभिन्न सामाजिक संघसंस्थाबीच प्रभावकारी सहकार्य आवश्यक छ। समाजका सबै पक्षले साझा जिम्मेवारीका साथ अघि बढे मात्र यस समस्याको दीर्घकालीन समाधान सम्भव हुने उनको भनाइ थियो।

प्रमुख जिल्ला अधिकारी लुइँटेलले बेरोजगारी, पारिवारिक विखण्डन, घरेलु कलह तथा सामाजिक असन्तुलनजस्ता कारणले पनि धेरै युवाहरू गलत संगत र लागुऔषधको जालोमा फस्ने गरेको उल्लेख गरे। उनले स्वस्थ सामाजिक वातावरण निर्माण, युवालाई सकारात्मक गतिविधिमा संलग्न गराउने तथा पारिवारिक सम्बन्धलाई बलियो बनाउनेतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा मधेश प्रदेश सरकारसँगको समन्वयमा अभियान सञ्चालन भइरहेको जानकारी दिंदै उनले यसको प्रभावलाई अझ व्यापक बनाउन स्थानीय तह हुँदै वडा स्तरसम्म विस्तार गर्ने योजना रहेको बताए। अभियानले गाउँदेखि सहरसम्मका नागरिकलाई लागुऔषधको जोखिम र त्यसका असरबारे सचेत गराउने लक्ष्य लिएको उनले स्पष्ट पारे।

अन्तरक्रिया कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रुपेश खड्का, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी लगायत विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सहभागीहरूले लागुऔषध दुरुपयोग र अवैध कारोबार नियन्त्रणका लागि सरकारी संयन्त्र मात्र नभई समुदायको सक्रिय सहभागिता अपरिहार्य रहेको धारणा व्यक्त गरेका थिए।

अभियान अवधिभर जिल्लाका विभिन्न स्थानमा जनचेतनामूलक अन्तरक्रिया, प्रचारप्रसार कार्यक्रम, विद्यालय केन्द्रित सचेतना अभियान, विद्यार्थी तथा अभिभावकसँग छलफल, पर्चा वितरण तथा अन्य सचेतनामूलक गतिविधिहरू सञ्चालन गरिने जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ।

अभियानमार्फत लागुऔषध दुरुपयोग, अवैध कारोबार तथा त्यसबाट व्यक्ति, परिवार र समाजमा पर्ने नकारात्मक असरबारे विभिन्न माध्यमबाट नागरिकलाई जानकारी गराइनेछ। साथै, युवालाई लागुऔषधबाट टाढा राख्न सामाजिक उत्तरदायित्व, पारिवारिक निगरानी र सामुदायिक सचेतनाको महत्वबारे पनि विशेष सन्देश प्रवाह गरिने लक्ष्य राखिएको छ।

धनुषासहित मधेश प्रदेशका सीमावर्ती जिल्लाहरूमा पछिल्लो समय लागुऔषधको समस्या बढ्दै गएको विषयमा चिन्ता व्यक्त भइरहेका बेला सुरु गरिएको यो अभियानलाई सरोकारवालाहरूले सकारात्मक र समयानुकूल कदमका रूपमा लिएका छन्। उनीहरूका अनुसार समाजका सबै तह र तप्काको सहभागितासहित सञ्चालन हुने यस्ता अभियानले लागुऔषधविरुद्ध जनस्तरमा चेतना अभिवृद्धि गर्न तथा भविष्यमा यसको नियन्त्रणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

# विपद् घटनामा १ सय ५ को मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम। गत तीन महिनामै देशका विभिन्न स्थानमा भएका प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनामा परेर १ सय ५ जनाको मृत्यु भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गत वैशाख १ गतेदेखि असार ५ गतेसम्म (करिब दुई महिना) को अवधिमा देशभर २ हजार २ सय ११ वटा विपद्जन्य घटना दर्ता भएका छन्। ती घटनामा ६ सय५ जना घाइते भएका छन् भने ३ हजार ९२ घरधुरी प्रत्यक्ष रूपमा प्रभावित भएको छ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार यो अवधिमा सबैभन्दा बढी मृत्यु 'लेक लागेर' (उचाइजन्य रोग) का कारण २१ जनाको भएको छ। पर्यटकीय तथा पर्वतारोहण मौसम भएकाले हिमाली क्षेत्रमा लेक लाग्ने समस्या बढी देखिएको बताइएको छ। त्यसपछि आगलागीका घटनामा १६ जनाको मृत्यु भएको छ भने सर्पदंश र चट्याङ्का कारण १४-१४ जनाले ज्यान गुमाएका छन्।

शक्तिशाली हुरीबतासका कारण १३ जना तथा जङ्गली जनावरको आक्रमणबाट १० जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ। अन्य घटनामा बाढी, भारी वर्षा, डुङ्गा पल्टिने, वन डढेलो तथा हिमपहिरो लगायतका कारण मृत्यु भएको विवरण सार्वजनिक गरिएको छ।

संख्यात्मक हिसाबले यो अवधिमा सबैभन्दा बढी ७३६ वटा आगलागीका घटना भएका छन्। सुख्खा मौसम र बढ्दो गर्मीका कारण बस्ती तथा बजार क्षेत्रमा आगलागीका घटना वृद्धि भएको प्राधिकरणले जनाएको छ।

यसैगरी हुरीबतासका ४ सय ५२, सर्पदंशका २ सय ६९, वन डढेलोका १ सय ७९, चट्याङ्का १ सय ६०, पहिरोका १ सय २७ तथा जङ्गली जनावरको आक्रमणका १ सय १४ घटना दर्ता भएका छन्। मनसुन सक्रिय हुँदै जाँदा विपद्को जोखिम अझ बढ्ने प्राधिकरणले चेतावनी दिएको छ।

पछिल्लो २४ घण्टामा मात्रै २६ जिल्लामा ३१ वटा विपद्का घटना भएका छन्, जसमा ४ जना घाइते भएका छन्। प्राधिकरणले बाढी र पहिरोको जोखिम उच्च हुने समय सुरु भएकाले जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय तहहरूलाई उच्च सतर्कता अपनाउन र पूर्वतयारीलाई सुदृढ बनाउन आग्रह गरेको छ।

# मधेश सरकारलाई मात्र ३० अर्ब संकलन

**टुडे समाचारदाता**

जनकपुरधाम। चालु आर्थिक वर्ष २०८२/८३ को मधेश प्रदेश सरकारलाई विनियोजित बजेट मध्ये ३० अर्ब आम्दानी मात्र भएको छ। प्रदेश सरकारको अर्थ मन्त्रालयका अनुसार संघीय सरकारबाट प्राप्त अनुदान र राजश्व सहित जेठ मसान्तसम्म ३० अर्ब १७ करोड १४ लाख ७३ हजार रुपैयाँ मात्र प्राप्त भएको छ।

मधेश सरकारले चालु आ.ब.का लागि ४६ अर्ब ९८ करोड २९ लाख ५१ हजारको बजेट ल्याएको हो। राजश्व संकलनसहितका आयश्रोतमा आएको कमीले चालु आ.ब.मा प्रदेश सरकार १६ अर्ब घाटा बजेटमा छन्।

मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले प्रदेशको आन्तरिक राजस्व संकलन ४ अर्ब ५९ करोड ३३ लाख ८४ हजार रुपैयाँ पुगेको जानकारी दिएका छन्। प्रदेश सरकारको प्रमुख आन्तरिक आयस्रोतका रूपमा घरजग्गा रजिस्ट्रेशन तथा सवारीसाधन कर रहेको छ।

समीक्षा अवधिमा घरजग्गा रजिस्ट्रेशन शुल्कबाट १ अर्ब १८ करोड १२ लाख ९५ हजार रुपैयाँ तथा सवारीसाधन करबाट २ अर्ब १ करोड ५० लाख ५० हजार रुपैयाँ राजस्व संकलन भएको उनका जनाएको छ।

त्यस्तै, सवारी चालक अनुमतिपत्र वितरण र सवारी दर्ता दस्तुरबाट ६८ करोड ८२ लाख ७० हजार रुपैयाँ, यातायात क्षेत्रसम्बन्धी अन्य आम्दानीबाट ११ करोड १० लाख ५९ हजार रुपैयाँ तथा दहत्तर-बहत्तर बिक्रीबाट १० करोड ९ लाख ३५ हजार रुपैयाँ राजस्व प्राप्त भएको मन्त्रालयले जनाएको छ।

प्रदेश सरकारलाई संघीय राजस्व बाँडफाँटमार्फत पनि उल्लेख्य रकम प्राप्त भएको छ। मूल्य अभिवृद्धि कर (भ्याट) बाँडफाँटबाट ७ अर्ब ७५ करोड ६४ लाख ९९ हजार रुपैयाँ तथा अन्तःशुल्क करबाट २ अर्ब ७७ करोड ४१ लाख रुपैयाँ प्राप्त भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

यसैगरी, संघीय सरकारबाट समानीकरण अनुदानअन्तर्गत ७ अर्ब ६ करोड १६ लाख ७८ हजार रुपैयाँ प्राप्त भएको छ। सशर्त अनुदान चालुतर्फ २ अर्ब १७ करोड २७ लाख ७२ हजार रुपैयाँ तथा पुँजीगततर्फ १ अर्ब ५६ करोड ३० लाख ४० हजार रुपैयाँ प्रदेश सरकारले प्राप्त गरेको जनाएको छ।


मन्त्रालयका अनुसार आर्थिक क्षेत्रमा देखिएको तरलता अभाव, घरजग्गा कारोबारमा आएको सुस्तता, नयाँ सवारीसाधन खरिद बिक्रीमा कमी तथा गत भदौ २३ र २४ गतेको जनमत पार्टी नेतृत्वको आन्दोलनका क्रममा राजस्व संकलन गर्ने निकायहरूमा पुगेको क्षतिका कारण अपेक्षाअनुसार राजस्व उठ्न नसकेको हो।

राजस्व संकलनमा चुनौती रहे पनि चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा प्रदेश सरकारको आय संकलन सन्तोषजनक रहेको अर्थ मन्त्रालयले जनाएको छ।

# जिल्ला सभापतिको निलम्बन फुकुवा

**टुडे समाचारदाता**

जनकपुरधाम।महाधिवेशनको पूर्व सन्ध्यामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले धनुषा र महोत्तरी जिल्लाका सभापतिमाथि लगाइएको निलम्बन फुकुवा गरेको छ।



पार्टीले महाधिवेशन तयारीलाई ध्यानमा राख्दै संगठनात्मक गतिविधि र अधिवेशन प्रक्रिया पुनः सञ्चालनमा ल्याउने निर्णय गरेको बताइएको छ।

पार्टी सचिवालयको असार ४ गते बसेको बैठकले दुवै जिल्लामा रोकिएको अधिवेशन प्रक्रिया र संगठनात्मक गतिविधि खोल्ने निर्णय गरेको जनाइएको छ। निर्णयसँगै ती जिल्लाबाट महाधिवेशन प्रतिनिधि छनोट तथा सहभागिताको बाटो पनि खुला भएको छ।

महामन्त्री कविन्द्र बुर्लाकोटीले जारी गरेको पत्रअनुसार केन्द्रीय निर्वाचन आयोगले यसअघि ती जिल्लामा लगाएको अधिवेशन रोक तथा रद्दसम्बन्धी निर्णयलाई महाधिवेशन प्रयोजनका लागि मात्र फुकुवा गरिएको हो।

पार्टीका अनुसार महाधिवेशन सम्पन्न भएपछि सम्बन्धित जिल्लाको संगठनात्मक अडिट गरिनेछ। अडिटपछि मात्र अधिवेशन प्रक्रिया पुनः अघि बढाइने निर्णय पनि गरिएको छ। रास्वपाले महाधिवेशनलाई व्यवस्थित र पारदर्शी बनाउन संगठनात्मक संरचनालाई अस्थायी रूपमा खुला गरिएको स्पष्ट पारेको छ।

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसंगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रुपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

**स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं,**
**चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८